चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

## हार्दिक शुभकामना !

हिन्दू धर्मालम्बीहरूका चाड वडा दसैं, शुभ दिपावली र छठ पर्व, २०८१ को अवसरमा स्वदेश तथा विदेशमा बस्ने चौरजहारी नगरवासी आमाबुवा, दाजुभाइ, दिदीबहिनी, जनप्रतिनिधि, राजनीतिक दल, शिक्षक, कर्मचारी, व्यापारी, वुद्धिजीवि, सुरक्षाकर्मी, पत्रकारसहित समस्त नेपालीहरूमा विकास, सुशासन र सामाजिक न्याय कायम गर्न आपसी सदभावका साथ सुख शान्ति र समृद्धिको शुभेच्छासहित हार्दिक शुभकामना व्यक्त गर्दछु । हालै राजधानी लगायत देशका विभिन्न भागमा बाढी, पहिरो र डुवानमा परी ज्यान गुमाउनेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

आपसी सदभाव् मान्यजनप्रतिको श्रद्धा र सम्मानका लागि हाम्रा मौलिक चाडपर्वहरूले सकरात्मक सन्देश प्रदान गर्ने गरेका छन् । यस्ता पर्वले भौगोलिक, सांस्कृतिक र भाषिक विविधताबीच रहेको मौलिकतालाई थप सुदृढ गर्ने विश्वास छ । दसैं, तिहार र छठ पर्वमा पारिवारिक जमघट एवम् पुनर्मिलन भई खुसीयाली र हार्दिकता साटासाट गरी मनाउने प्रचलन रहेको छ । यी पर्व मावनता, सच्चरित्रता, आपसी सद्भाव, भ्रातृत्व र पुनर्मिलनका प्रतीक पनि हुन् । त्यसैले यी पर्वले विकृति, विसंगति अन्त्य गर्दै सामाजिक सद्भाव, एकता, मेलमिलाप र भ्रातृत्वको अभिवृद्धि गर्न हामी सवैलाई प्रेरित गर्ने विश्वास छ ।

खर्चिलो र भड्किलो रुपमा मनाउने पर्वले गरिब, विपन्न, असहाय, किसान, मजदुरहरू अप्ठ्यारोमा पर्ने अवस्था सृजना हुन्छ । चाडपर्व कसैले पनि देखावटी रुपमा होइन, आफ्नो हैसियत, क्षमता अनुसार मनाऔं । हिन्दू धर्मालम्वीका यी ठूला चाडले आफू मात्र खुसी हुने होइन, सबैलाई खुसी बनाउने प्रेरणा प्रदान गरोस् । चौरजहारी नगरवासीसहित सम्पूर्ण नेपाली र नेपाली माटोलाई माया गर्ने महानुभावहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

पुष्प वादी
नगर प्रमुख

पुष्प वादी
नगर प्रमुख